राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ८, भदौ २७ गते शुक्रबार, २०७६ (13 September, 2019) www.janajibro.com मूल्य रू. १०/–

## ‘झन् बढी कमाउन अझ ठूलो पद’

## ‘पुँजीवादी र समाजवादी अर्थ-राजनीतिक विकासक्रम’ विमोचित

■ जनजिब्रो संवाददाता—

**काठमाडौं ।** हालै राजधानीमा आयोजित एक कार्यक्रमबीच सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ र सोही पार्टीका स्थायी समिति सदस्य घनश्याम भुसालबीच रोचक ‘दोहोरी’ चल्यो ।




सोही पार्टीका भक्तपुर जिल्ला सचिव डीपी ढकालद्वारा लिखित ‘पुँजीवादी र समाजवादी अर्थ-राजनीतिक विकासक्रम’ शीर्षकको पुस्तक विमोचन समारोहमा सहभागी दुई नेताबीच आमने-सामनेमै दोहोरी चलेको हो । पुस्तकका अन्तर्वस्तुको चर्चा गर्दै नेता भुसालले एउटा महत्त्वपूर्ण पुस्तक त लेखियो तर लेख्नै बाँकी झन् बढी महत्त्वको अर्को पुस्तक लेखाउने चुनौती अध्यक्ष प्रचण्डको काँधमा रहेको भन्दै सो पुस्तक लेखिने कि नलेखिने हो, स्पष्ट जवाफ दिन माग गरे ।

‘नलेखिएको एउटा च्याप्टर छ, नलेखिएको च्याप्टर नेपाली क्रान्ति होस् आज हामी जहाँ छौं, त्यसको विश्लेषण हो, आज जति वर्गहरू छन्, ती वर्गहरूको विश्लेषण हो,’ नेता भुसालले भने- ‘यो किताब लेख्ने काम सजिलो कुरा छैन, यो किताब लेख्नका लागि आज मैदानमा आठ लाख सङ्गठित सदस्य छौं हामी पार्टीका र त्यसको नेता कमरेड प्रचण्ड यहीं हुनुहुन्छ ।’

‘यो प्रश्न आज यहीं म अध्यक्षलाई सोध्न चाहन्छु कि कमरेड प्रचण्ड ! यो किताब लेखिन्छ कि लेखिँदैन ?’ चुनौतीपूर्ण ——क्रमशः अन्तिम पृष्ठमा

## ‘प्रधानमन्त्री स्वस्थ, पहिलेजस्तै तन्दुरूस्त’

**काठमाडौं ।** प्रधानमन्त्री एवं सत्ताधारी नेकपाका अध्यक्ष केपी शर्मा ओली सिंगापुरस्थित नेसनल युनिभर्सिटी हस्पिटलमा स्वास्थ्योपचार गरेर अपराह्न स्वदेश फर्किएका छन् ।

मिर्गौलासम्बन्धी ‘एन्टिबडी’ लाई शरीरबाट निष्कासन गरी निराकरण गर्ने उपचार विधि (प्लाज्माफेरेसिस) का निम्ति उनी भदौ ५ मा दोस्रो पटक सिंगापुर गएका थिए ।

प्रधानमन्त्री ओलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा सभामुख कृष्णबहादुर महरा, उपप्रधानमन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका उपनेता सुवास नेम्बाङलगायतले स्वागत गरे ।

प्रधानमन्त्रीको स्वास्थ्य स्थिति बुझ्न केही दिनअघि सिंगापुर गएका नेकपाका महासचिव विष्णुप्रसाद

## सचिवालय बैठकमा चिनियाँ राष्ट्रपति आउनेबारे चर्चा

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङले चाँडै नै नेपालको भ्रमण गर्ने सम्भावना रहेको जानकारी पार्टीलाई गराएका छन् ।

पार्टी अध्यक्ष समेत रहेको प्रधानमन्त्री ओलीले बुधबार बसेको नेकपाको सचिवालय बैठकमा चिनियाँ विदेशमन्त्री वाङ यीको हालैको भ्रमण त्यसकै पूर्वतयारीका रूपमा रहेको संकेत नेताहरूलाई दिएका छन् ।

नेकपाका एक नेताका अनुसार चिनियाँ राष्ट्रपतिको भ्रमण अन्य तालिका गढबढ नभए अक्टोबरमै हुने सम्भावना छ । ‘दुई मुलुकबीचको सम्बन्ध र कतिपय द्विपक्षीय विषयमा सहमति गर्न राष्ट्रपति तहकै भ्रमण हुने सम्भावना रहेको प्रधानमन्त्रीबाट ब्रिफिङ भएको छ,’ सचिवालयका एक नेताले भने- ‘छिमेकी मुलुकहरूले नेपालसँगको सम्बन्धलाई अझै ——क्रमशः अन्तिम पृष्ठमा

## मुलुकभर डेङ्गुको सन्त्रास

### कीटजन्य संक्रमणको परीक्षण गराउनेको अस्पतालमा भीडमभीड

**काठमाडौं ।** पछिल्लो समय राजधानीलगायत मुलुकभरका विभिन्न क्षेत्रमा त्रास रूपमा फैलिएको डेङ्गुको संक्रमणबाट विशेषज्ञ चिकित्सकहरू समेत प्रभावित बन्न थालेपछि अस्पतालहरुमा किटजन्य संक्रमणको परिक्षण गर ाउनेको भिड लाग्न थालेको छ ।




मुलुकभर डेङ्गुको संक्रमण फैलिएसँगै पछिल्ला दिनहरूमा राजधानीको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा डेङ्गु परीक्षण तथा उपचार गर्न आउने बिरामीमध्ये १ हजार तीन सय ५० मा डेङ्गु संक्रमण फेला परेको छ ।

स्वास्थ्य परीक्षण गराएका करीव दुई हजार पाँचसय विरामीमध्ये झण्डै आधामा उक्त रोग देखा परेको अस्पतालले जनाएको छ । अस्पतालमा कार्यरत सरुवा रोग विशेषज्ञ चिकित्सक अनुप बाँस्तोलाले अस्पतालमा विरामीको चाप अत्यधिक रूपमा बढिरहेकाले स्वास्थ्यकर्मीलाई भ्याइनभ्याइ भएको बताए ।

सोमबार टेकु अस्पतालमा परीक्षण गराएका चार सय ४८ मध्ये ——क्रमशः अन्तिम पृष्ठमा

## बन्दुक पड्काएर समाजवाद आउँदैन : शर्मा

**काठमाडौं ।** दाङको तुलसीपुरमा आयोजित एक कार्यक्रमबाटै सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का स्थायी कमिटीका सदस्य तथा पूर्वगृहमन्त्री जनार्दन शर्मा ‘प्रभाकर’ ले नेत्रविक्रम चन्द ‘विप्लव’ लाई वार्तामा आउन आग्रह गरेका छन् ।



प्रेस संगठन दाङले तुलसीपुरमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै शर्माले ‘अब बन्दुक पड्काएर समाजवाद आउँदैन, त्यसैले ——क्रमशः अन्तिम पृष्ठमा

## कसैले गद्दारी गर्‍यो भन्दैमा समग्र आन्दोलन गलत हुन्छ !

**समय-सन्देश**

**डा. ऋषिराज बराल**

आजभोलि नव-प्रतिक्रियावादी सत्ताका प्रधानमन्त्री केपी ओली माओवादी जनयुद्धका बारेमा मात्र नभई नेकपा विप्लवका विरुद्ध पनि खुला किसिमले बोल्ने कुरामा केही संयमित भएजस्तो देखिन्छ । माओवादी आन्दोलन र जनयुद्धविरुद्ध बोल्दा जनयुद्धको इतिहासलाई माया गर्ने तलका कार्यकर्ताहरू भड्किन सक्छन् भनेर पनि ओलीले आफूलाई केही संयमित राखेको हुनसक्छ । तर उनले यो जिम्मेवारी उनका विश्वासपात्र सञ्चारमन्त्री गोकुल बास्कोटालाई दिएको कुरा चाहिँ गोकुल बास्कोटाका अभिव्यक्तिबाट सहजै बुझ्न सकिन्छ ।

यताका केही दिनमा सञ्चारमन्त्री बास्कोटा ओलीको सिको गरेर सिंगो माओवादी आन्दोलन र जनयुद्धको महान् अभियान र बलिदानको इतिहासमाथि प्रहार गरिरहेका छन् । खास गरेर नेकपा विप्लव माथि प्रहार गर्ने नाममा उनी सिंगो माओवादी आन्दोलन र जनयुद्धको बलिदानी इतिहासप्रति तल्लो स्तरमा प्रस्तुत भएका छन् । मन्त्री परिषद्को पछिल्लो बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा पनि उनले माओवादी आन्दोलन र जनयुद्धप्रतिको आफ्नो निच प्रवृत्तिलाई दोहोर्‍याएका छन् ।

पछिल्ला दिनमा ओली सरकार र नेकपा विप्लवबीच वार्ताको सन्दर्भ चलिरहेको छ । वार्ताकै सन्दर्भको सेरोफेरोमा नेता-कार्यकर्ता पक्राउ परेका छन् । वार्ताबारे नरम र गरम पात्रहरू छुट्याएर सरकारले व्यवहार गरेको बुझ्न सकिन्छ । कतिपय नेताले ‘आफूहरू निरपेक्ष रूपमा वार्ता विरोधी होइनौं भनेर खासखास किसिमका सर्त पूरा भएमा वार्तामा बस्न सकिन्छु भनेका छन् भने कतिपयले ‘वार्ताको विकल्प छैन’ भन्दै शान्तिपूर्ण राजनीतिको वकालत गरेका छन् । यसो भन्नेहरू जेलबाट रिहाइ पनि भएका छन्, उदाहरणका रूपमा मोहन कार्की ‘जीवन्त’ लाई लिन सकिन्छ ।

हरेक पोलिटब्युरो सदस्य प्रवक्ता जस्तो बनेर अन्तरवार्ता दिने नेकपा विप्लवले स्थायी समिति भंग गरेको, पहिलेको पोलिटब्युरो सदस्यहरूलाई केसमा झारेको लगायत १८ जनालाई कारबाही गरेको र यसको सम्बन्ध अनुशासन, गोपनीयता र वार्तासम्बन्धी बुझाइसित रहेको भनेर पत्रपत्रिकामा आएका छन् । सो पार्टीले यसका सम्बन्धमा यथार्थ बाहिर नल्याएका कारण खास कुरा प्रस्ट छैन तापनि पत्रपत्रिकामा आएका समाचारबारे पार्टीबाट कुनै प्रतिक्रिया नआउनुले समाचार सत्यताको नजिक छ भनेर चाहिँ ——क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २५, अङ्क- ८, भदौ २७ गते शुक्रबार, २०७६

**सम्पादकीय**

# डेंगुको महामारी : चर्चा मात्रै कि तयारी पनि ?

मुलुकमा यतिबेला डेंगु नामक रोगले महामारीकै रूप लिएकोबारे व्यापक चर्चा-परिचर्चा र भयंकर समाचार सम्प्रेषणको क्रम तीव्र भएको छ। राज्य तथा सञ्चारजगत् दुवैतिरबाट यसरी प्रचार तेज पारिएको छ कि मानौ प्रचारप्रसारबाटै यो प्रकोपको अन्त्य गर्न सकिन्छ।

यो रोगबारे चर्चा चलेको र नेपाली नागरिक पीडित भएको यो नै पहिलो पटक होइन। केही वर्षयता खास-खास सिजनमा डेंगु-प्रकोपले निरन्तर हंगामा पिटिरहेकै छ। तर, यसको निराकरण, रोकथाम र यथासमय, यथास्थान र सहजतापूर्ण उपचारका निम्ति भने राज्यले खासै ध्यान पुऱ्याउन सकेको देखिँदैन।

अनेकथरी अभाव, सकस र सन्त्रास झेल्दै आएका नेपाली नागरिकका निम्ति डेंगुको प्रकोप थप एउटा पीडाको विषय बनेको छ। तर, राज्य, अनेकथरी गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा वैदेशिक दातृनिकायहरूका निम्ति भने प्रचारप्रसारका निम्ति 'अवसर' आए झैं प्रतीत हुन्छ। यसालाई केवल आफ्नो ओहोदा, औकात र संस्था प्रचारको माध्यम हुनबाट रोकौं; समयमै प्रभावकारी र सर्वसुलभ औषधोपचारको बन्दोबस्त मिलाएर अकालमै ज्यान जानबाट नागरिकलाई जोगाऔं !

# विस्तारवाद...

आकलन गर्न सकिन्छ। मन्त्री बाँस्कोटा वार्ता र विप्लव पार्टीका सम्बन्धमा त्यति निच किसिमले आउनुका पछाडि सो पार्टीभित्रको यथार्थस्थिति थाहा भएर पनि हुन सक्छ।

नेकपा विप्लव राजनीतिक पार्टी हो भन्ने बिर्सेर मन्त्री बास्कोटा सो पार्टीविरुद्ध जे-जस्ता पदावली र व्यवहार प्रदर्शन गरिरहेका छन्, त्यसले जनयुद्धको समयको संकटकालका काङ्ग्रेसी गृहमन्त्रीहरूको झल्को दिन्छ। उनी स्थितिलाई एकदमै उत्तेजित पारिरहेका छन्। विप्लवका नाममा उनी सिंगो माओवादी आन्दोलन र जनयुद्धमाथि प्रहार गरिरहेका छन्।

नेपाली जनताको मुक्तिको बाटो सशस्त्र संघर्षबाहेक अर्को छैन। एक थरीले गद्दारी गरे भन्दैमा क्रान्तिको यात्रा रोकिनेवाला छैन। तर पनि, क्रान्तिका आफ्ना नियमसंगतिहरू हुन्छन्।

यसको प्रस्ट निर्देशक सिद्धान्त हुन्छ, यसको ठोस कार्यदिशा हुन्छ। यो काम नेपाली समाज र यहाँको अन्तर्विरोधको वैज्ञानिक विश्लेषण र संश्लेषणबाट तय गर्ने गरिन्छ।

अहिलेको संसदीय व्यवस्था प्रतिक्रियावादी व्यवस्था हो र यसलाई ध्वस्त पारेर वैज्ञानिक समाजवाद स्थापित गर्नुपर्छ भन्ने कुरामा विमति छैन। क्रान्तिकारी कम्युनिस्टहरूको अन्तिम लक्ष्य साम्यवाद हो। तर यसका लागि वैचारिक, राजनीतिक, सांगठनिक र प्राविधिक तयारीको चरण हुन्छ। माओवादी जनदिशा लागू गर्दै कार्यनीतिहरू रणनीतिक उद्देश्यअनुरूप तय गरिन्छन् र कार्यदिशा अर्थात् क्रान्ति सम्पन्न गर्ने बाटो जनताका सामु प्रस्ट हुन्छ र पारिन्छ। यसका पनि शृङ्खला र चरणहरू हुन्छन्।

नेपाली समाज अहिले पनि आधारभूत रूपमा अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक अवस्थामै छ। क्रान्तिको कुरा गर्नेले यस्तो समाजमा अंगालिने कार्यदिशा र क्रान्तिका तीन जादुगरी हतियारबारे प्रस्ट हुनु आवश्यक छ। क्रान्तिको चालक शक्ति, भाइचारा सम्बन्ध, सत्रु र मित्रबारे प्रस्ट हुनु आवश्यक छ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र आजको साम्राज्यवादको चरित्रबारे पनि प्रस्ट हुनु आवश्यक छ। यस्ता आधारभूत पक्षहरूलाई अगाडि राखेर नेकपा विप्लवको अध्ययन-विश्लेषण गर्न थालेपछि भने निराशा मात्र हात लाग्छ।

तथापि, नेकपा विप्लव राजनीतिक समूह भएकाले यसले कार्यदिशा लगायतका कमीकमजोरी र त्रुटिहरू सच्याएर सही दिशा समातोस् भनेर नेपालका क्रान्तिकारी शक्ति तथा व्यक्तिहरूले भन्दै आएका छन्। उनीहरूले यसमाथि लागेको प्रतिबन्ध छिटोभन्दा छिटो हटाउनु पर्छ भनेर पनि माग गरेका छन्।

नेकपा विप्लवले आफ्ना गल्ती कमजोरी सच्याएर माओवादी क्रान्तिकारी दिशा समात्ला अथवा कुन दिशातिर जाला यो उसको कुरा हो, केही समय पर्खनै पर्ने हुन्छ, संगठनात्मक स्खलनको स्थितिले त्यहाँ जटिलता उत्पन्न हुनु स्वाभाविक छ। हामीले सही दिशा समातोस् भनेर कामना मात्र गर्ने हो।

तर विप्लवका नाममा प्रतिक्रियावादी सत्ताका मन्त्री गोकुल बास्कोटाले जसरी माओवादी आन्दोलन र जनयुद्धको राजनीतिमाथि प्रहार र व्यङ्ग्य गरेका छन्, यो एकदमै निन्दनीय छ। उनले जनयुद्धमा बन्दुक हारेको कुरा उठाएका छन्। साँच्चै भन्ने हो भने हारेको त ओली सरकार छ, उसको बन्दुक छ।

दुई तिहाईको सरकार जसरी छट्पटिएको स्थितिमा देखिन्छ, एक हिसाबले उसको बन्दुक हारिसकेको छ। उसको बन्दुक नहारेको हुन्थ्यो भने सर्लाहीमा कुमार पौड्यालालाई समातेर कुटीकुटी मरणासन्न पारेर गोली ठोक्ने काम हुँदैनथ्यो।

बन्दुक आत्मसुरक्षाको, दैनिक जीवीका र सत्ताको हतियार हो। ढुंगे युगदेखि आवश्यकता अनुसार मान्छेले हतियारको निर्माण गर्दै गयो। हतियारहरू आवश्यकताका उपज हुन्। आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा पुग्ने माध्यमहरू हुन्।

जब निहत्था हातहरू माथि बन्दुकले दमन गर्न थालिन्छ, जनताले नयाँ बाटो खोज्नु स्वाभाविक हुन्छ । अनि प्रतिरोधमा उठ्छन् नै बन्दुकहरू- जनताका आफ्ना हतियारहरू।

माओवादी जनयुद्ध नहुँदो हो त, जनताले बन्दुक नउठाउँदा हुन् त, अहिलेका सत्तामा बसेर जनताको सम्पति माथि रजाईं गर्ने भ्रष्ट र अनैतिक तत्वहरू कुन दुलामा हुन्थे, अथवा ज्ञानेन्द्रका रैती भएर उसको आदेशमा चलिरहेका हुन्थे- आधी सच्चिएको भन्दै जनयुद्धकै समयमा रोल्पा गएर प्रचण्डहरूलाई भेटेर- 'ज्ञानेले खाने भयो, सिध्याउने भयो', लौन केही गरिदिनु पर्यो' भनेर निवेदन हाल्ने बामदेव जिउँदै छन्। यसको साक्षी विप्लव स्वयं छन्।

विडम्बनाको कुरा, तिनैका कार्यकर्ता मन्त्री बास्कोटा माओवादी आन्दोलन, जनयुद्धमा उठेको बन्दुक र बगेको रगतको खिसिट्यूरी गरिरहेका छन्।

योभन्दा पाखण्डपन अरू के हुन सक्छ।

सञ्चारमन्त्री जसरी वातावारणलाई उत्तेजित बनाइरहेका छन्, वार्ता र विप्लव सन्दर्भलाई लिएर माओवादी आन्दोलन, जनयुद्ध र जनताले उठाएको बन्दुकविरुद्ध जसरी उभिएका छन्, यस किसिमको स्थितिले प्रतिरोधमा थुप्रै हातहरू उठ्ने र उठ्नुपर्ने स्थिति आउन सक्छ। नेकपा विप्लव सित हाम्रा थुप्रै विमति छन्, तर विप्लवका नाममा हिजोको जनयुद्ध माओवादी आन्दोलन र जनताले उठाउने बन्दुकहरूमाथि प्रहार गरिन्छ भने, विप्लवका नाममा मान्छे समात्तै मुठभेड भन्दै हत्या गरिन्छ भने, समयले नयाँ किसिमको ध्रुवीकरणको माग गरेको रहेछ भनेर बुझ्नु पर्ने हुन्छ।

सञ्चारमन्त्रीका भनाइ सुन्दा उनलाई क्रान्ति र माओवादी जनयुद्धबारे सामान्य ज्ञान पनि रहेनछ भन्नु पर्ने हुन्छ। माओवादी पार्टी र त्यतिबेलाको गिरिजा सरकारबीच भएको 'विस्तृत शान्तिसम्झौता' बारे पनि केही ज्ञान रहेनछ भन्नुपर्ने हुन्छ। उनी त भट्टी पसलमा मातेको, होस गुमाएको मान्छे जसरी छाडा किसिमले बोलिरहेका छन्। ओलीका बफादार कारिन्दा हुनुबाहेक उनीसित सामान्य सामाजिक ज्ञान पनि छ जस्तो लाग्दैन। मार्क्सवादको सामान्य अध्ययन गरेको मान्छेले त्यति निच किसिमले बोल्दैन। उनले के-के बोलेका छन्। लाजै नमानी उनले बोलेका छन्ः 'जनयुद्धमा बन्दुक हारेको होइन ?

प्रस्ट हुनुहोस् सञ्चार मन्त्रीज्यू, न त जनयुद्धले हारेको थियो, न त जनसेना हारेको र थाकेको थियो। यो त प्रचण्ड-बाबुरामहरूले गद्दारी गरेको हो, उनीहरूको दिमागले आत्मसमर्पण गरेको हो, उनीहरूको दिमाग हारेको हो, जनताले उठाएको बन्दुक हारेको होइन। सहिदको रगतसित गाँसिएको बन्दुक हारेको होइन।

जनताले उठाएको बन्दुक केही समय कमजोर होला। केही समय हारेजस्तो पनि होला। तर संसारमा जनताले उठाएको बन्दुक हारेको छैन र हार्दैन पनि। एक थरीले गद्दारी गरे पनि नेपाली जनता हारेका छैनन्। हार्ने छैनन्।

नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न बन्दुकमा टिकेको सत्ताविरुद्ध मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा क्रान्तिका तीन जादुगरी हतियारप्रति प्रतिबद्ध भएर नेपाली जनताले फेरि बन्दुक उठाउने छन्। बन्दुक उठाउने कसैको पनि रहर हुन सक्तैन, तर मुलुक जुन दिशातिर गइरहेको छ, समयले अर्को संग्रामका लागि आह्वान गरेको छ। र यो दीर्घकालीन प्रकृतिको हुने कुरा स्वतससिद्ध छ।

दुस्मन शक्ति नेकपा विप्लव लाई नेपालका अन्य क्रान्तिकारी शक्तिहरूबाट एक्ल्याएर सिध्याउन चाहन्छ भन्ने भन्ने कुरालाई उसले बुझ्नु आवश्यक छ।

एउटा कुरा प्रस्ट रूपमा के पनि देखिएको छ भने, सबैले, खास गरेर नेकपा विप्लव ले आफ्ना सीमा र कमीकमजोरीहरूको समीक्षा र संश्लेषण गर्दै समयले निर्देशित गरेको नयाँ किसिमको ध्रुवीकरणतर्फ आफूलाई प्रवृत्त गराउनु आवश्यक छ। गम्भीर समीक्षा गर्नु जरूरी छ। यो भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवादी क्रान्ति र क्रान्तिका तीन जादुगरी हतियारप्रतिको प्रतिबद्धता हो।

*(शीर्षक परिवर्तनसहित जनमेलबाट)*

# हास्यसिर्जनामा सर्जकको 'कपिराइट' हुँदैन ?

◆ **दीपक आचार्य**

केही वर्ष यता गीत-संगीत चोरी र सिर्जनामा सर्जकको सर्वाधिकार अर्थात् 'कपिराइट' सम्बन्धी बहस-विमर्श धेरै सुनिएका छन्। यस सम्बन्धमा बेलाबखत मुद्दा नै चलेको र पीडितले हर्जना पाएको पनि धेरै पटक सुनियो।

तर, के हास्यकलाकारका सिर्जनामा चाहिँ सर्जकको 'कपिराइट' हुँदैन ? के हास्यकलाकारका सिर्जना चाहिँ सिर्जना नै होइनन् ? यसमा उनीहरूको मेहनत हुँदैन ? आफ्ना हास्यसिर्जना कलाकारहरूको मौलिक सम्पत्तिअन्तर्गत पर्दैन ?

कुनै सार्वजनिक समारोहमा आफ्नो प्रस्तुतिबाट दर्शकलाइ हँसाउन हास्यकलाकारहरूले निकै मेहेनत गर्नुपर्ने हुन्छ। तर, उसको-उनको सिर्जनालाई जो-कोहीले जस्ताको तस्तै नक्कल गर्ने, भिडियो खिँचेर आ-आफ्नै युट्युब च्यानलहरूबाट व्यापार गरी एउटाको मेहनतबाट अर्कैले चोरेर कमाइ खाएका थुप्रै यथार्थहरू हाम्रा सामु छन्। दिन-रात मेहनत गरेर सिर्जना गर्ने सर्जकले जति धेरै यसको पीडा अरुले अनुभूत गर्न सक्ने कुरै भएन।

'भद्रगोल' समूहले भर्खरै मात्र अनुभव गरेको टाइटलको सर्वाधिकार आफूमा नरहँदाको पीडा कसले पो अनुभूत गर्न सक्ला र ? आम दर्शकमाझ अत्यन्तै लोकप्रिय भैसकेको कार्यक्रम 'भद्रगोल' नै अन्योलमा परेको कुरा हामीले सामाजिक सञ्जालमार्फत भर्खरै उजागर गरेका थियौं।

सर्जकले भोगेको यस्तै अर्को पीडा हामी यहाँ प्रस्तुत गर्दैछौं। 'भद्रगोल' का लेखक, निर्देशक एवं मुख्य कलाकार कुमार कट्टेल 'जिग्री' ले आफ्नो चरित्र निर्माण गर्न, चरित्रको नाम- 'जिग्री' लाई स्थापित गर्न, नामअनुसारको चरित्रलाई न्याय दिलाउन र त्यो नामलाई दर्शकमाझ सर्वाधिक लोकप्रिय बनाउन आफ्नो क्रियाशील र ऊर्जाशील जिन्दगीको लगभग सम्पूर्ण समय खर्च गरेका छन्। आफूले जन्माएको पात्रई यहाँसम्म ल्याइर्पुयाउन उनले भोक, तिर्खा, झरी, घाम, बादल केहीको वास्ता नगरी, दिन-रात नभनी करिव दस वर्ष मेहनत गरे।

तर, 'जिग्री' र 'भद्रगोल' नाम जब हरेक नेपालीको जिब्रोमा झुन्डियो र सर्वाधिक लोकप्रिय बन्यो तब उनको दस वर्षको मेहनत एकै सेकन्डमा एउटा अन्तर्राष्ट्रिय कम्पनीले उनलाई सोध्दै नसोधी आफ्नो 'ब्रान्ड' बनाइदियो। जिग्रीले जिन्दगीभर मेहनत गरेर, असाध्यै दुःख गरेर कमाएको ख्यातिबाट सो कम्पनीले मज्जाले बसी-बसी फाइदा लियो।

'मेरो जिग्री खै' भनेर देशका निकै नाम चलेका 'सेलिब्रिटी' हरूले अभिनय गरेको भिडियो क्लिप्स सार्वजनिक भैरहँदा कुमार कट्टेल 'जिग्री' भने छक्क परे, रनभुल्ल भए। तर, त्यो विज्ञापन विश्वबजारमा ख्याति प्राप्त 'कोकाकोला' को भएको थाहा पाउँदा कुमार कट्टेल 'जिग्री' छाँगाबाट खसेजस्तै भएका छन्। आफूले जिन्दगीभर त्यति धेरै मेहनत गरेर बनाएको सिर्जना आफैंले थाहा-पत्तो समेत नपाई अर्कैले प्रयोग गरेको देख्दा कसको मन दुख्दैन र ? के गर्ने, कसो गर्ने भनेर कुमारले केही दिन त सोच्न समेत सकेनन्। र, अन्त्यमा उनी कानुनी उपचारको खोजीमा लागे।

आफ्नो दुःख पोख्न र सार्वजनिक सूचना निकाल्न भनेर उनी नेपालका 'ख्याति प्रात' पत्रिकाहरू- 'कान्तिपुर', 'नयाँ पत्रिका', 'नागरिक नेटवर्क' आदिका कार्यलयसम्म धाए। तर, आफूलाई देश र जनताको सूचनाका मसहिा दावी गर्ने ती पत्रिकाहरूले कुमार कट्टेलको गुनासोलाई टेरपुच्छर लगाएनन्, यसबारे केही छाप्न मानेनन्। मानून् पनि कसरी ? 'कोकाकोला' ले जुन मात्रामा भारी रकमको विज्ञापन तिनलाई दिन्थ्योरदिइरहेको छ- त्यो त कुमार कट्टेलले दिँदैनथिए। उनीहरूका लागि कुमार कट्टेललाई 'न्याय दिलाउन' सत्यको पक्षमा उभिनुभन्दा एउटा अन्तर्राष्ट्रिय कम्पनीको पक्षमा उभिनु नै फाइदाको विषय थियो र छ।

यसरी सबैबाट निराशा मात्र हात लागेपछि कुमार कट्टेल 'ब्रान्ड' दर्ता गर्ने कार्यालयमा गए, जहाँ पुग्दा आफ्नो कठोर मेहनतको सिर्जना 'जिग्री' मात्र होन, भद्रगोलका निकै ख्याति कमाएका थेगोहरू, पात्र आदि सबै नै अरुकै नाममा दर्ता भैसके कुरा उनले थाहा पाए। ब्राण्ड दर्ता गर्दा भर्नुपर्ने फर्मको एउटा

क्रमशः अन्तिम पृष्ठमा

# सामन्तवादको...

चारैतिर कोटको निर्माण नै गरिएको थियो।

त्यसको चारैतिर किल्लासहितका इलाका थिए। जहाँको शान्ति सुरक्षाको व्यवस्था मिलाउने काम 'उमरा' ले गर्दथे।

कर्क पेट्रिकले उमरालाई थुम वा चौकीको सेनापतिको संज्ञा दिएका छन्। उमरालाई खान्कीका रूपमा जग्गा दिइएको हुन्थ्यो जसबापत तिनले राज्यको निम्ति आवश्यक लडाकु र हातहतियार उपलब्ध गराउनु पर्थ्यो र युद्धमा भाग लिनुपर्थ्यो।

तीन राज्यकालमाा किल्ला, कोट र थुप बाह्य आक्रमण रोक्न र अनावश्यक आवतजावत नियन्त्रण गर्नमा अत्यन्त उपयोगी थिए। तिनमा रहेका बस्तीमा बस्ने गाउँले युवालाई बरोबर युद्ध अभ्यास गराइन्थ्यो। नगरा बजाएपछि सबै जना हतियारसहित एक ठाउँमा भेला हुनुपर्थ्यो। त्यस बखत युद्धमा प्रयोग गरिने हातहतियार तरबार, भाला, बल्छी, बन्चरा, खुँडा खुकरी, धनुकाँड, छुरा, चुप्पी, लाठा, मुङ्ग्रा आदि थिए।

बाह्य आक्रमणका बखत राजधानी छिर्नका लागि सबैभन्दा पहिलो कोट वा थुपको सुरक्षा घेरा तोड्न पर्ने भएकाले पहिलो मार तिनले खानुपर्दथ्यो।

नेपालमण्डलमा केन्द्र शासित क्षेत्रमा सेना रहने छाउनीलाई 'गुल्म' भनिन्थ्यो भने खस राज्यमा 'सैन' अथवा 'सेना' भनिन्थ्यो। सिङ्गा सैन, निमल सेन, मङ्गल सेन, पाण्डु सैन, बाटूला सैन, घोडा सैन, रवी सैन, खस राज्य कालका छाउनीहरू हुन्। सरसामान आयातनिर्यात गर्ने मार्गमा थानेदार राखिन्थ्यो जसको काम भन्सारप सङ्कलन गर्ने हुन्थ्यो। (नेपालको इतिहास एक मार्क्सवादी दृष्टिकोणबाट)

# सामन्तवादको विस्तारको चरण र राज्यको स्वरूप

– विचार-दृष्टिकोण –

रामराज रेग्मी

राजतन्त्रात्मक लिच्छविकालमा नेपाली भूभागमा नेपालमण्डल मात्र एक राज्यको रूपमा रहेकोमा झन्डै नवौं शताब्दीको मध्यदेखि पन्ध्रौं शताब्दीको मध्यसम्म नेपाली भूभागमा तीनवटा राज्यहरूको अस्तित्व देखा पर्दछ- केन्द्र भागमा नेपालमण्डल, तराई प्रदेशमा तिरहुत राज्य र कर्णाली प्रदेशमा खस राज्य। यी तीन राज्य भएको अवधिलाई इतिहासकारहरूले पूर्वमध्यकाल भनेका छन्। तर यहाँ त्यस अवधिलाई तीन राज्य काल भनी नामकरण गरिएको छ।

### राजनीतिक अवस्था

तीन राज्यहरूको उद्‌भवको सवालमा अहिलेसम्मको परम्परागत व्याख्या भ्रमपूर्ण देखिन्छ। इतिहासकारहरूले प्रारम्भिक राजतन्त्रात्मक शासनकालमा अस्तित्वमा रहेको नेपालमण्डललाई झन्डै अहिलेकै आकारको परिकल्पना गरी तीन राज्यहरू त्यसबाटै विखण्डित भएका हुन् भन्ने कुरा अघि सारेका छन्, यद्यपि त्यस भनाइलाई पुष्टि गर्ने तर्कसङ्गत प्रमाणहरू प्रस्तुत गर्न भने सकेका छैनन्। तीन राज्यको अस्तित्व र विकास बेग्लाबेग्लै ऐतिहासिक परिवेशमा हुन गएको कुरा धेरै तथ्यहरूले साबित गरेका छन् ।

### राज्यहरूको उद्‌भव

तीन राज्यकालमा पनि नेपाल राज्यहरूकै मण्डलको रूपमा देखा पर्दछ। वैश्य-ठकुरी वंशका राजा राघवदेव (सन् ७९-९४२) देखि सुरु भएको यो कालखण्ड यक्ष मल्लपछि १४३ मा पुगेर टुङ्गिन्छ।

नेपालमण्डलमा नयाँ अवधिको थालनीसँगै देशमा 'नेपाल संवत्' ले जन्म लिएको देखिन्छ। यो नयाँ संवत् शङ्खधर साख्वा नामक एक जना व्यापारीले जनतालाई ऋणमुक्त गरेबापत खुसियालीमा चलाएका हुन् भन्ने जनश्रुति छ। तर यसको उत्पत्तिमा केवल जनताको मुक्ति मात्र नभई राज्यको पुनर्जीवन समेत जोडिएको देखिन्छ। विनिर्माणको अवस्थामा रहेको राज्य फेरि उठ्न सफल हुने कुरा पनि संवत् थालनीको एउटा कारण हुनुपर्छ।

तिरहुत राज्यको सवालमा इसाको पाँचौं शताब्दीतिर विदेह अथवा मिथिला गणराज्य भारतको गुप्त साम्राज्यको अधिनमा गएको थियो र गुप्त साम्राज्यको एक प्रान्तका रूपमा यसको नाम 'तिरभुक्ति' रहेको थियो। चालुक्यवंशी राजाको शासनकालमा तिरभुक्तिमा उनको प्रतिनिधिका रूपमा नान्यदेव नामका सामन्तले शासन सञ्चालन गरिरहेका थिए। गुप्त साम्राज्यको पतनपछि उत्तरी भारतको शासन गर्ने परम्परा रह्यो। यही क्रममा नान्यदेवले पनि सन् १०९७ मा स्वतन्त्र राज्यको घोषणा गरे जुन 'तिरहुत' कहलियो। नान्यदेवले यसको राजधानी न्यायपुरीबाट सिमरीनगढ सारे। यो राज्यको अस्तित्व मुगल सम्राट गयासुद्दीनबाट कब्जा नगरुन्जेल इ. १३२४ सम्म रह्यो। यस राज्यमा त्यस बखत भैंसी पालक किसान र तल्लो जातिका जनता बसोबास गर्ने हुनाले नेपालमण्डलका मानिसहरूले 'डोय राज्य' भन्ने गर्दथे।

खस राज्यको सवालमा आठौं शताब्दीतिर स्थापना भएको कत्युरी जनपदमाथि जब भारतबाट आएका चन्द राजपूतहरूले अधिकार जमाए, त्यहाँ शासन गर्ने खस शासकहरू यत्रतत्र लागे। त्यतिखेर तिब्बत राज्यको विखण्डन भएको समय भएकाले एक थरी खस शासकहरू मानसरोबरको दक्षिण खारी प्रदेशमा पुगे। लामो समयसम्मको बसाइका क्रममा तिनको व्यवहारमा तिब्बतीकरण भयो र त्यहाँको शासक बन्न सफल भए। दुल्लुको कीर्तिस्तम्भअनुसार तिब्बतको खारी प्रदेशमा शासन खस राजा नागराजले साना राज्यहरूलाई हराई सन् ११९३ मा सिञ्जालाई राजधानी बनाएर खस साम्राज्य स्थापना गरेको देखिन्छ। कर्णाली प्रदेशमा सन् १८३१ मा लेखिएको श्रीपाली वंशावलीमा उल्लेख गरिएको छ, 'बडामहाराज नागराजले बडुवाल राजा, रावल राजा, पाल राजा, थापा राजा, खड्का राजा, विष्ट राजा, जाडे राजा मारिकन खारिकोटको राज्य बढायाको हो।' यस राज्यको अस्तित्व सन् १३९१ सम्म रह्यो।

### राज्यहरूको स्वरूप

तीन राज्य कालमा नेपालमण्डलको फैलावट सम्बन्धमा आनन्ददेवको समयमा लेखिएको 'पुष्पिकावाक्य' मा गण्डी गुल्म भन्ने उल्लेख गरिएको आधारमा कतिपय इतिहासकारहरूले यो भनेको अहिलेको गुल्मी प्रदेश हो भन्ने अर्थ लगाई नेपालको विस्तार सुदूर पश्चिमसम्म भएको बताएका छन्। तर यो गण्डी गुल्म काठमाडौं उपत्यकाभित्र रहेको सैनिक किल्ला हुनुपर्छ भनी कतिपयले अनुमान गरेका छन्। त्यस्तै ने.सं. २२० (सन् ११००) को अभिलेखमा रामदेव नामक सामन्तले र २२८ (सन् ११०८) को अभिलेखमा रहरदेव नामक महासामन्तले 'मग्वर विषय' मा शासन गरेको भन्ने देखिएबाट मगरात क्षेत्र नेपालमण्डलअन्तर्गत रहेको भन्ने अर्थ लगाइएको छ र नोपालको आकार निकै ठूलो भएको अनुमान गरिएको छ। तर त्यतिखेर शासकहरू विजय अभियानमा जाने र जितेका राज्यलाई आफ्नो आधिपत्य स्वीकार गर्न लगाएर फर्कने गर्दथे। यक्ष मल्लको पालमा नेपाल पश्चिममा पाल्पा, पूर्वमा मोरङ, दक्षिणमा मिथिला र उत्तरमा सिकारजोरङ्गसम्म फैलिएको थियो यी विभिन्न समयका फैलावटहरू अस्थायी समयका लागि मात्र थिए।

लिच्छवी राजाहरूको प्रभाव जतिसम्म थियो झन्डै त्यति नै क्षेत्रमा यस अवधिको नेपाल पनि फैलिएको बुझिन्छ। केन्द्रीय सत्ता कमजोर भएको र आफ्नै वरिपरिका किल्ला  कोट र राज्यलाई नियन्त्रणमा राख्न पनि अशोक मल्लको शासनकालमा पश्चिममा गढवाल, पूर्वमा गण्डकी, उत्तरमा तिब्बतको गुगे, पुराण र गाग्री ( कैलास) र दक्षिणमा तराईसम्म फैलिएको थियो। तर खस राजाहरूको भूमिदान पश्चिममा दार्चुला, उत्तरमा हुम्ला र दक्षिणमाा दाङसम्म मात्र पाइएकाले राज्यको दीर्घकालीन प्रत्यक्ष प्रभाव कर्णाली क्षेत्रमा मात्र सीमित रहेको बुझिन्छ।

तिरहुत राज्यअन्तर्गतको क्षेत्रमा अहिले बारा, रौतहत, सर्लाही, महोत्तरी, सप्तरी र मोरङका केही क्षेत्रलगायत भारतका दरभङ्गा, मुजफ्फरपुर, चम्पारन, मधुवनी र पूर्णिया जिल्लाका भूभागहरू थिए। तिरहुतको राजधानी सिमरौनगढ थियो। यसलाई दुईदुई कोसको समदुरीमा रहेका अग्लो पर्खालले बनेका चारवटा सुरक्षा दुर्गहरूले घेरेका थिए। सिमरौनगढ अहिले कलैयाको १५६ कि.मि. दक्षिणपूर्वमा भारतीय सीमासँग जोडिएको छ। यो अहिले अमृतगन्ज, गोपालगन्ज र उचिडिह गाविसमा फैलिएर रहेको छ। सिमर (सिमल) को वन भएको स्थानमा गढ स्थापना गरिएकाले 'सिमरौनगढ' भनिएको हो। गढमा एक दुर्ग र अर्को दुर्गका बीच सुन्दर खेतहरू थिए। त्यहाँ सिँचाइ गर्न स-साना कुलाहरू बनाइएका थिए। भित्री मागमा रहेका वस्तीमा छ लाख घरहरू थिए भन्ने उल्लेख गरिएको छ। त्यतिखेरको परिस्थितिअनुसार घरको अर्थ जनसंख्या हुनुपर्छ। दुर्गभित्रका खेतमा हुने उब्जाउले राजधानीमा बसोबास गर्ने मानिसलाई खान पुग्दथ्यो। स्थलगत भ्रमण गर्ने तिब्बती बौद्ध भिक्षु धर्मस्वामीको बयानअनुसार त्यस किल्लामा सातवटा ठूला पर्खालहरू, एक्काईसवटा खाडलहरू र एघारवटा द्वारहरू थिए। प्रत्येक द्वारहरूमा धनुकाँड चलाउने योद्धाहरू तैनात गरिन्थे। दुर्गहरू पार गरेर भित्रको राजधानी सहर पुग्ने एउटा मात्र प्रवेश मार्ग भए पनि बीच-बीचमा झुक्याउने खालका घुमाउरा नक्कली बाटाहरू पनि जोडिएकाले अपरिचित व्यक्तिलाई भित्र सहरका केन्द्रमाा पुग्न महिना दिनजति लाग्न सक्थ्यो। दुर्गहरू एउटै प्रकारका नभएर ती वन दुर्ग, जल दुर्ग, प्रकार दुर्ग, आदिका रूपमा रहेका थिए।

हाल ५२ बिघा क्षेत्रफल ओगटेको झरोखर ताल र २२ बिघा क्षेत्रफल ओगटेको इशरा पोखरी प्राचीन तिरहुत राज्यका जल दुर्ग थिए।

नेपालमण्डलको पुरानो राजधानी देउपातन थियो। पछि संयुक्त शासनका बेला शक्तिकेन्द्रहरू देउपाटन र भक्तपुर दुई ठाउँमा रहे। राज्य विस्तृत भूभागमा फैलिनाका कारण राजधानीलाई मात्र किल्लाबन्दी नगरी चारैतिर सामरिक वा व्यापारिक महत्वका स्थानमा क्वाथ वा कोट निर्माण गरी राजधानी र व्यापारिक केन्द्रहरू दुवैको सुरक्षाको व्यवस्था मिलाइएको थियो। कोटहरू एक किसिमका गुन्दै क्वाथ (कीर्तिपुर) आदि त्यतिखेरका प्रमुख कोट थिए। ती कोटको सुरक्षा र प्रशासनको जिम्मा 'कोटनायक' वा 'क्वाथ नायक' लाई दिइन्थ्यो। केन्द्रशासित प्रदेशभित्र पर्ने कोटहरू दरबारको निर्देशनमा र विषयभित्र पर्ने कोटहरू 'विषयाधिपति' वा सामन्त दरबारको निर्देशनमा चल्दथे। पछि बाह्य आक्रमण र लुटपाट अधिक मात्रामा हुन जानाका कारण यक्ष मल्लको पालामा राजधानी भक्तपुर सहरलाई मजबुत किल्लाका रूपमा परिणत गरिएको कुरा सन् १४५३ को अभिलेखले बताउँछ।

खस राज्यको राजधानी सुरक्षाको दृष्टिबाट ९५०० फिटको उचाइमा रहेको सिञ्जामा थियो। त्यहाँ हिउँदमा अति नै जाडो हुने भएकाले शीतकालीन राजधानी दुल्लुलाई बनाइएको थियो। राजधानीबाट मात्र शासन गर्न कठिन भएकाले राज्यका ठाउँठाउँमा अस्थायी मुकाम बनाइएको थियो जसलाई 'थर्पु' भनिन्थ्यो। बाजुराको पिउ, सुर्खेतको काम्री डाँडा र अछामको विनायक महत्वपूर्ण थर्पुहरू थिए।

खस राज्यको राजधानीलाई न त किल्लाबन्दी गरिएको थियो, न त त्यसको

——क्रमशः दोस्रो पृष्ठमा



## प्रधानमन्त्रीलाई किन फुक्र्याए भारतीय प्रधानमन्त्रीले

**काठमाडौं ।** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पछिल्लो समय नेपाल र भारतबीच अभूतपूर्व निकटता कायम भएको बताएका छन् । भिडियो कन्फ्रेन्समार्फत मंगलबार द्विदेशीय पेट्रोलियम पाइपलाइन उदघाटन गर्दै उनले दुई देशीबीच उच्च राजनीतिक तहमा संवाद र भेटघाट बढेको भन्दै यसलाई उपलब्धिका रूपमा अर्थ्याए ।



'केही वर्षयता हामीबीच उच्चराजनीतिक तहमा अभूतपूर्व निकटता कायम भएको छ र नियमित सम्पर्क स्थापित छ,' मोदीले भने- 'पछिल्लो डेढ वर्षभित्र मात्र मेरा मित्र प्रधानमन्त्री ओलीजी र मबीच चार पटक भेट भइसकेको छ ।'

उनले जनस्तरको सम्बन्ध नै द्विपक्षीय सम्बन्धको आधार भएकामा जोड दिए । प्रधानमन्त्री केपी शर्मा ओली र मोदीले काठमाडौं र दिल्लीबाट एकैचोटि पाइपलाइनको स्वीच थिचेर द्विदेशीय पेट्रोलियम पाइपलाइनको उदघाटन गरेको छ ।

## सैंतीस जिल्लाका ५१ पदका लागि मंसिर १४ मा चुनाव

**काठमाडौं ।** १४ मंसिरमा हुने उपनिर्वाचनका लागि ३७ जिल्लामा ४ लाख ४७ हजार ७ सय ९२ मतदाता रहेको निर्वाचन आयोगले बताएको छ । विभिन्न ३७ जिल्लामा हुने उपनिर्वाचनका लागि १ सय ५४ वडामा ४ लाख ४७ हजार ७ सय ९२ मतदाताको नामावली संकलन भएको आयोगले बताएको हो । आयोगले मतदाता नामावलीउपर दाबी विरोध समेत आह्वान गरेको छ ।

आयोगका प्रवक्ता शंकरप्रसाद खरेलका अनुसार १ असोजमा हरेक वडामा रहेका सहायक नाम दर्ता अधिकारीको कार्यालयमा नामावली प्रकाशन गरिने, २ असोजमा सो नामावलीमा दोहोरो नाम परेको भए हटाउने तथा त्रुटि भए सच्याउन निवेदन लिनेलगायतका काम गरी ६ असोजमा पुनः अद्यावधिक गरिनेछ । यसैगरी, ८ असोजमा हटाइएको नाम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको वडा कार्यालयमा टाँस्ने तथा सोही दिन अद्यावधिक गरिएको नाम प्रकाशन गर्ने र ८ देखि १० असोजसम्म अद्यावधिक गरिएको नाम जिल्ला निर्वाचन कार्यालयमा बुझाइने आयोगले जनाएको छ ।

आयोगले यसअघि नै उपनिर्वाचनका लागि दल दर्ता आह्वान गरिसकेको छ । विभिन्न ५१ पदमा हुने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य तथा स्थानीय तहका सदस्यको उपनिर्वाचनका लागि आयोगले दल दर्ताका लागि भदौ मसान्तसम्मको समय दिएको छ । आयोगका अनुसार हाल प्रतिनिधिसभा सदस्य १, प्रदेशसभा सदस्य ३, नगरपालिका प्रमुख १, गाउँपालिका अध्यक्ष ३, उपाध्यक्ष १ र वडा अध्यक्ष ४२ गरी कूल ५१ रिक्त पदका लागि उपनिर्वाचन हुने भएको छ ।

## वर्षात्ले सडक अवरुद्ध : स्याउ किसान चिन्तित

**बाजुरा ।** वर्षातका कारण मार्तडी कोल्टी सडकको अवरुद्ध बनेपछि जिल्लाका किसान चिन्तित बनेका छन् । ढुवानी हुन नसक्दा एक हजार ५०



मेट्रिक कटन स्याउ उत्पादन हुने जिल्लाका किसानले करोडौंको नोक्सानी व्यहोर्नु परेका छ ।

यस वर्ष स्याउको उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्र बाजुराले बताएको छ । भन्डै २० प्रतिशतले उत्पादन बढेको अनुमान केन्द्रले गरेको कृषि प्रसार अधिकृत एवं सूचना अधिकारी मीनप्रसाद जैशीले बताए । स्याउ बारी नजिक उचित बजार नहुनु र मार्तडी कोल्टी सडक बन्द हुनु किसानका लागि अभिसाप बनेको छ ।

दुई सय ३० हेक्टर स्याउखेती गरिएको जिल्लामा बारीमै कुहिए, आफन्तलाई बाँडेर र आफूले खाएर पनि डेढ करोडको स्याउ उत्पादन गरेको कृषकले बताएका छन् ।

## 'शताब्दी पुरूष जोशीको चित्र अंकित तीन सिक्का निष्काशन

**काठमाडौं ।** नेपाल राष्ट्र बैंक, टक्सार विभागले वाङ्मय शताब्दी पुरुष एवं वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीको चित्र अंकित तीन वटा सिक्का निष्काशन गरेको छ । जोशी सय वर्ष पुगेको अवसरमा नेपाल राष्ट्र बैंक, टक्सार विभागले टकमरी गरिएका सिक्का निष्काशन गरेको हो ।



विसं. १९७७ वैशाख ३० गते कृष्ण नवमीका दिन ललितपुरको बखुम्बहालमा पिता शंकरदाश र माता राजकुमारीका ज्येष्ठ सुपुत्रका रूपमा सत्यमोहनको जन्म भएको थियो । ललितपुर महानगरपालिकाको आग्रहमा राष्ट्र बैंकले क्युप्रोनिकेल धातुबाट बनेका रूपैयाँ १०० दरका (तौल २५ ग्राम, ब्यास ३७ एमएम, निष्काशन संख्या १० हजार थान) तथा चाँदीबाट बनेका रूपैयाँ १००० दरका (तौल १० ग्राम, ब्यास २९ एमएम, निष्काशन संख्या २५ हजार थान) र रूपैयाँ २ हजार ५ सय ९२५०० रुपियाँ० दरका (तौल ८ दशमलव ५ ग्राम, ब्यास २९ एमएम, निष्काशन संख्या १० हजार थान) सिक्का निष्काशन गरेको हो ।

राजा र राजपरिवारका सदस्य बाहेक जीवित हुँदा नै आफ्नो चित्र अंकित सिक्का निष्काशन गर्ने पाउने वाङ्मय शताब्दी पुरुष जोशी नै पहिलो व्यक्ति हुन् । राष्ट्र बैंकका मुद्रा व्यवस्थापन विभागका प्रमुख वरिष्ठ कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाका अनुसार दोस्रो जनआन्दोलनभन्दा अघि जीवित छँदा राजा र राजपरिवारका सदस्यहरूको मात्र टकमरी गरिएका सिक्का निष्काशन हुने गर्दथे ।

'जोशी जीवित हुँदा नै राष्ट्र बैंकले यसरी सम्मान गर्न पाउनु नेपाल र नेपालीका लागि गौरवको विषय हो,' प्रवक्ता समेत रहेका निरौलाले भने- 'सिक्का निष्काशनले जोशीको योगदानलाई अविस्मरणीय बनाउनेछ ।' टक्सारले नेपालका ऐतिहासिक अवसर एवं सामाजिक र सांस्कृतिक निधिहरूलाई अविस्मरणीय बनाउनका लागि स्मारिका सिक्का निष्काशन गरेको छ ।

## आपसमै कुटाकुट गर्ने 'जनप्रतिनिधि'मध्ये एक पक्राउ

**काठमाडौं ।** आफूजस्तै अर्का वडाध्यक्षमाथि कुटपिट गरेको आरोपमा एक वडाध्यक्ष पक्राउ परेका छन् । छिमेकी वडाका वडाध्यक्षलाई कुटपिट गरेको आरोपमा प्रहरीले चम्पादेवी गाउँपालिका- ८, ओखलढुंगाका वडाध्यक्ष अजय लुइँटेललाई पक्राउ गरेको हो ।

लुइँटेलले असार ३० मा चम्पादेवी गाउँपालिकाको कार्यालय, ताप्केडाँडामा सोही गाउँपालिका- ७ का वडाध्यक्ष सुरेश थापालाई कुटपिट गरेका थिए । मादक पदार्थ सेवन गरी लुइँटेलले आफूलाई कुटपिट गरेको भन्दै थापाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । लुइँटेललाई आइबार साँझ सदरमुकामबाट पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक पुष्पराज मल्लले जानकारी दिएका छन् ।

उनले पटक-पटक धम्की दिँदै आएको र पछिल्लो पटक ०७६ असार ३० मा आफूमाथि कार्यालयमै आक्रमण गरेको थापाले बताएका छन् । लुइँटेलको कुटपिटपछि भएपछि बाध्य भएर सहकर्मीविरुद्ध उजुरी गरेको पीडित थापाले बताए । गाउँपालिकामा कर्मचारी र अन्य जनप्रतिनिधिले असुरक्षा महसुस गरेकाले सुरक्षाका लागि कानुनी उपचार खोजेको उनको भनाइ रहेको छ ।

## प्रा.डा. सन्दुक रूइतलाई पनि डेंगु

**काठमाडौं ।** नेत्रविशेषज्ञ प्राडा. सन्दुक रुइत तीन दिनयता अस्पतालमा उपचाररत छन् । डेंगुको संक्रमणले बिरामी परेर उनी थापाथलीस्थित नर्भिक अस्पतालमा भर्ना भएका हुन् । उनीसहित परिवारका तीन जनालाई डेंगुको संक्रमण भएको छ ।

'डेंगुको अवस्था भयावह भएर आयो,' उनले भने- 'डेंगु फैलाउने लामखुट्टे मास्ने अभियान प्रभावकारी रूपमा चलाउन ढिलो गरे भन् गाह्रो हुन्छ ।' सञ्चार माध्यममा आएका डेंगु संक्रमितको संख्याभन्दा बिरामीको संख्या दोब्बर हुन सक्ने उनले बताए । पछिल्लो समय देशव्यापी रूपमै डेंगु संक्रमण बढेको अवस्थामा बिरामी पर्नेमा भने डा. रुइत मात्र एक्ला स्वास्थ्यकर्मी होइनन् ।

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका गरेर आइतबारसम्म १० स्वास्थ्यकर्मी डेंगु संक्रमित भई उपचाररत छन् र । केही भने उपचारपछि निको भएका छन् । अस्पतालमा कार्यरत र बाहिरका स्वास्थ्यकर्मीलाई संक्रमणबाट बच्न र बचाउन सचेत गराइको निर्देशक डा. बासुदेव पाण्डेले बताए । 'स्वास्थ्यकर्मी नै बिरामी परेपछि सर्वसाधारणमा भन् त्रास बढ्नु अस्वाभाविक होइन, जोगिने उपायबारे नियमित बताइहेका छौं,' उनले भने- 'सकेसम्म शरीर पूरै ढाक्ने कपडा लगाउनु र सरसफाइमा विशेष ध्यान दिनु जरुरी छ ।'

यसैबेला नेपाल सरकारका कृषिमन्त्री चक्रपाणि खनाल समेत डेंगुको संक्रमणमा परेर बिरामी छन् । आईसीयूमै राखेर उनको उपचार भैरहेको छ ।

### – संक्षिप्त समाचार –

## दर्जनौं विद्यार्थीसहित विप्लवका डाक्टर पढ्दै गरेका छोरा पक्राउ

**काठमाडौं ।** सरकारले 'प्रतिबन्ध' लगाएको भनिएको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका महासचिव 'विप्लव' का छोरा प्रकाश चन्दलाई सरकारले पक्राउ गरेको छ ।



एमबीबीएस अध्ययनरत प्रकाशलाई चितवन मेडिकल कलेज परिसरबाटै पक्राउ गरिएको चितवन प्रहरीले जानकारी दिएको छ । चितवन मेडिकल कलेजमा जारी आन्दोलनका क्रममा उनलाई पक्राउ गरिएको प्रहरीको भनाइ छ । चन्दसहित १५ जना विद्यार्थीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

चितवन मेडिकल कलेजका विद्यार्थीहरू केही दिनदेखि आन्दोलनरत छन् । आन्दोलनका क्रममा कलेजमा अवरोध गर्नुका साथै आन्दोलनले उग्र रूप लिएपछि उनीहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका एसपी दानबहादुर मल्लले जनाएका छन् ।

## पाइपलाइनबाट पेट्रोलियम आउन आउादा मूल्य समायोजन

**काठमाडौं ।** नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर दुई रूपैयाँ घटाएको छ । नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजना उदघाटनका अवसरमा इन्धनको मूल्य घटाइएको निगमले जनाएको छ ।



घटेको मूल्य मंगलबार अपराह्न १२ बजेदेखि नै लागू भैसकेको निगमका प्रवक्ता वीरेन्द्र गोइतले बताए । मूल्य समायोजनपछि अब पेट्रोलको मूल्य प्रतिलिटर १०७ रूपैयाँ तथा डिजेल र मट्टितेलको मूल्य ९५ रूपैयाँ कायम हुने निगमले जनाएको छ ।

निगमले मंगलबारैदेखि भारतबाट पाइपलाइनमार्फत इन्धन भित्र्याएको छ । पाइपलाइनाबाट इन्धन भित्र्याउन थालेपछि वार्षिक दुई अर्ब रूपैयाँभन्दा बढी ढुवानी खर्च बचत हुने निगमले जनाएको छ ।

## 'पानी तलै बग्छ : शक्ति त काठमाडौंमै पो रहेछ'

**काठमाडौं ।** प्रदेश- ५ का मुख्यमन्त्री एवं सत्तारूढ नेकपाका प्रदेश इन्चार्ज शंकर पोखरेलले काठमाडौंमा केन्द्रित अभ्यास छिचोल्नु नै संघीयता कार्यान्वयनका लागि सबैभन्दा ठूलो चुनौती रहेको बताएका छन् ।



'राजनीतिक र प्रशासनिक हिसबले मात्र होइन, आर्थिक र समाजिक रूपमै केन्द्रीकृत मानसिकता छ' मंगलबार राजधानीमा केही सञ्चार संस्थाका सम्पादकहरूसितको छलफलका क्रममा मुख्यमन्त्री पोखरेलले भने- 'पानी तलैतिर बग्छ भनेजस्तै शक्ति काठमाडौंमै रहेछ ।'

'केही गर्छु भन्नेलाई काठमाडौंमा जानुपर्छ' भन्ने मानसिकताले जरा गाडेर बसेकाले संघीयता कार्यान्वयनमा सकस रहेको पोखरेलले बताए । संघीयता लागू भएपछि अधिकार तल गयो भन्ने बुझाइ रहे पनि त्यो नगएको उनले बताए ।

समाजशास्त्रीय मान्यतामा संघीयता र अधिकार विकेन्द्रित हुने भए पनि अर्थशास्त्रीको मान्यता केन्द्रीकृत नै रहेको उनको तर्क थियो- 'यस्तो मानसिकता बदल्न सामान्य प्रयासले हुँदैन ।'

# बाह्य स्वार्थको प्रभावबाट सतर्क रहन प्रधानसेनापतिको निर्देशन

**काठमाडौं ।** प्रधानसेनापति पूर्णचन्द्र थापाले पदबहालीको एक वर्ष पुगेको अवसरमा सैनिक मुख्यालय जंगी अड्डामा आयोजित कार्यक्रममा एक वर्षको सफलता र आगामी यात्राका विषयमा सकल दर्जालाई सम्बोधन गर्दै आन्तरिक राजनीतिक परिवेश, विकासका आवश्यकता र सम्भावनाले 'समृद्ध नेपाल, सुखी नेपाली' ह्राम्रो आगामी भविष्य हुनेमा विश्वस्त हुन सक्ने थुप्रै आधार रहेका बताएका छन् ।

उनले छिमेकीको उन्नतितर्फको यात्रा, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय परिघटना र परिदृश्यकारण आगामी केही समय अनिश्चिताको अवस्थाले नै निरन्तरता पाउन सक्ने सङ्केत गरेको हुन् ।

समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना विश्वसनीय प्रतिरक्षा प्रणाली र आन्तरिक सुरक्षा व्यवस्थाविना सम्भव देखिन्न भन्दै प्रधानसेनापति थापाले बाह्य स्वार्थको प्रभावबाट हरेक तह र तप्का सतर्क र सुरक्षित रहँदै आफ्ना राष्ट्रिय हित तथा स्वार्थको संवर्द्धन गर्नु नै आगामी राष्ट्रिय चुनौती भएको बताए ।

'यद्यपि, सङ्क्रमणकाल पार गर्ने क्रममा बढ्दो जनआकाङ्क्षा र अन्योलले सुरक्षा चुनौती थपिन सक्ने यथार्थलाई भने नकार्न सकिन्न । सङ्क्रमणकालका केही अवशेष बाँकी छन् भने त्यसमा नेपाली सेना बाधक हुँदैन, संवैधानिक दायित्व निर्वाह गर्ने क्रममा सरकारको आदेशमा परिचालित राष्ट्रिय सेनाको हौसलामा ठेस पनि लाग्नु हुँदैन,' प्रधानसेनापति थापाले भने ।

'समयमै समस्याको पहिचान र त्यसको यथोचित समाधान ह्राम्रो राष्ट्रिय सुरक्षा नीति कार्यान्वयनको मियो बन्न सक्यो भने आमनागरिकले अपेक्षा गरेभन्दा बढी उपलब्धि हासिल गर्न सके प्रशस्तै आधार छन्,' प्रधानसेनापति थापाले थपे 'सेना राज्यशक्तिको महत्वपूर्ण अङ्ग हो भन्ने जानेर वा नजानेरै पनि यसलाई कमजोर संस्था बनाउने वा देखाउने प्रयास हुनसक्छ, यसमा सच्चा नेपाली नागरिक सचेत छन् र हुनु पनि पर्दछ, संवैधानिक दायित्वका अतिरिक्त सरकारका पनि परिभाषित लक्ष्य हासिल गर्ने कार्यमा सेनाले सधैं उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ ।

# उपत्यकामा भगवान् विष्णुको आरधानासहित इन्द्रजात्रा

**काठमाडौं ।** प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा-आराधना गरी परम्परागत रूपमा इन्द्रजात्रा पर्व मनाउने गरिन्छ ।



यस पर्वका अवसरमा काठमाडौं, ललितपुर, भक्तपुर, धुलिखेल, दोलखालगायत स्थानमा मनाइन्छ । भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका अगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको लिङ्गो ठड्याए पछि प्रारम्भ हुने यो जात्रा विभिन्न प्रकारका नाचगान, रथयात्रा र देवीदेवताको पूजाआजा गरी आठ दिनसम्म मनाउने प्रचलन छ ।

भाद्र शुक्ल द्वादशीका दिन ठड्याइएको लिङ्गोलाई 'इन्द्रध्वजोत्थान' पनि भनिन्छ । लिङ्गोको फेदमा भैरवको पूजा गरिन्छ । शत्रु पराजय भएपछि विजय मनाउने पर्वका रूपमा इन्द्रजात्रा मनाउने गरिएको हो । इन्द्रध्वजको पूजा गरी शक्ति प्राप्त गरेर प्रदर्शन गर्ने पर्वका रूपमा पनि इन्द्रजात्रालाई लिइन्छ । सरकारले इन्द्रजात्राको अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा समेत दिने गरेको छ ।

यसअघि तान्त्रिक विधिद्वारा पूजा गरी काभ्रेको नालास्थित जङ्गलमा छोडिएको बोकाले छोएको रूख भाद्र शुक्ल द्वितीयाका दिन काटिन्छ । काटेपछि लिङ्गोलाई उपत्यका भित्र्याउन पनि साइत हेरिन्छ । उपत्यका भित्र्याएपछि एक रात भोटाहिटीमा राखी एकादशीका दिन विधिपूर्वक इन्द्रध्वजाको लिङ्गो तयार पार्ने गरिन्छ ।

इन्द्रजात्रा पर्वमा राष्ट्रपतिबाट हनुमानढोकास्थित गद्दी बैठकमा जीवित देवीका रूपमा रहेका श्री कुमारी, श्री गणेश र श्री भैरवको रथयात्रा दर्शन गर्ने परम्परा छ । इन्द्रजात्राभरी भक्कुनाच, महाकालीनाच, लाखेनाच, दशअवतार तथा देवराज इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा पुलुकिसी नाच नचाउने गरिन्छ ।

जात्राको आठौं दिन आश्विन कृष्ण चौथीका दिन (इन्द्रध्वज पातन) लडाइने र दहचोकस्थित इन्द्रदहमा रातभर जाग्राम बसी भाद्र शुक्ल पूर्णिमाका दिन स्नान गरेर मेला भर्न भक्तजनको घुँइचो लाग्ने गर्दछ ।

यस्तै अनन्त चतुर्दशीका दिन भगवान विष्णुको पूरा आराधना गरी चोखो धागोमा अनन्त मन्त्रण गरी बाँध्ने र पूर्णिमा दिन इन्द्रदहमा स्नान गर्ने धार्मिक प्रचलन छ ।

# बीपीको १०६औं जन्मजयन्ती

**काठमाडौं ।** विश्वेश्वरप्रसाद कोइरालाको १०६ औं जन्मजयन्तीको अवसरमा नेपाल विद्यार्थी संघ (नेविसङ्घ) ले सुन्दरीजलस्थित विपि संग्रहालयमा कपुरको बिरुवा रोपेको छ ।



विपीलाई बन्दी बनाएको उक्त स्थानमा वृक्षरोपण गरेको हो । कार्यक्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले विपीवादी हुनु भनेको परिवर्तनलाई आत्मसात् गर्नु भएको बताए ।

'अग्रगामी र प्रगतिशीलको मुद्धालाई अगाडि बढाउने नेता बिपी कोइराला हुनुहुन्थ्यो,' पौडेलले समाजमा भएको विभेदकारी तथा परम्परावादी मुद्धालाई अन्त्य गरेर अगाडि बढ्नु जरुरी रहेको उल्लेख गरे । उनले विपी संग्रहालयलाई लोकतान्त्रिक आन्दोलनको स्थलको रूपमा विकास गर्नुपर्ने बताए ।

कार्यक्रममा काङ्ग्रेस काठमाडौं क्षेत्र नं ३ का सभापति एवं गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसेले विपी सङ्ग्रहालयको विकासका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले काङ्ग्रेसले पछिल्लो समय विपी कोइरालाको सिद्धान्त र आदर्शलाई बिर्सँदै गएको बताए ।

# कात्तिकभित्र घर निर्माण सुरू नगर्ने लाभग्राहीलाई अनुदान नदिइने

**भक्तपुर ।** आगामी कात्तिक मसान्तभित्र भूकम्पको घर निर्माण गर्ने लाभग्राहीको सूचीमा परेका र आगामी कात्तिक मसान्तभित्र निर्माण शुरु नगर्नेलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले अनुदान नदिने भएको छ ।



प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भूकम्पको लाभग्राही सूचीमा परेको भूकम्पपीडितले कात्तिक मसान्तभित्र घर निर्माण कार्य शुरु नगरे अनुदान नपाइने बताएका हुन् ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ, भक्तपुरले जिल्लामा आयोजना गरेको निजी आवास पुनर्निर्माण कार्यक्रमसम्बन्धी गोष्ठीमा उनले कात्तिक मसान्तभित्र घरको जग पनि नहाल्ने लाभग्राहीले अनुदानको रकम नपाउने बताएका हुन् । तेस्रो किस्ता आगामी माघ मसान्तसम्म लिई सक्नुपर्ने गरी घर निर्माण शुरु गर्न आग्रह गर्दै उनले गाउँगाउँमा रहेका इन्जिनीयरलाई गाउँ नछाड्न निर्देशन दिए ।

'विभिन्न परीक्षा र अन्य बाहनामा कोही पनि इन्जिनीयरले गाउँ नछाड्नुस्, काम गर्न मन नलागे बिदा लिनुस्, तर गाउँ नछाड्नु, गाउँ छाड्ने र प्रभावकारी रूपमा काम नगर्ने इन्जिनीयरलाई अब बिदाइ गरिन्छ,' भन्दै उनले वडादेखि नगरपालिकासम्मका प्रमुखलाई दैनिक काममा नजाने इन्जिनीयरलाई हाजिर नगराउन आग्रह गरे ।

स्थानीय जनप्रतिनिधि र इन्जिनीयरले एकै पटक परिचालन हुँदै आ-आफ्नो क्षेत्रमा कहिलेसम्म पुनर्निर्माणको काम सम्पन्न गराउने भन्नेबारेमा लक्ष्य निर्धारण गर्दै योजनाबद्ध रूपमा काम गर्नुपर्नेमा उनको जोड थियो । सरकारले आफैं धितोजमानी बसेर सहुलितयमा तीन लाख रूपैयाँसम्मको ऋण दिने भने पनि भूकम्पपीडितले ऋण लिन नसकेको अवस्था र कारण पहिचान गर्न इन्जिनीयरलाई निर्देशन दिँदै उनले जनप्रतिनिधिले यसमा सहयोग गर्न आग्रह गरे ।

नक्कली भूकम्पपीडितले घर बनाएका छन् भने त्यसको पहिचान गरी कानूनी रूपमा पहिलो किस्ता फिर्ता गर्ने र घर बनाउने नसकेर नबनाएकाको हकमा भने समस्या पहिचान गरेर समाधान खोज्ने उनको भनाइ थियो ।

# असोज ५ देखि अग्रिम टिकट

**काठमाडौं ।** दशैंका लागि लक्षित गरेर आगामी असोज ५ गतेबाट सार्वजनिक यातायातमा अग्रिम टिकट खुलाइने भएको छ । यातायात व्यवस्था विभागमा आज यातायात व्यवसायी र ट्राफिक प्रहरीसमेत सहभागी बैठकले यात्रुले दशैं अगाडि टिकट काट्ने व्यवस्था मिलाइने निर्णय गरेको हो । यात्रुको सहजताका लागि १४ स्थानमा यात्रु सहायता कक्षको समेत व्यवस्था मिलाइएको विभागले जनाएको छ ।

महासंघका महासचिव सरोज सिटौलाले व्यवसायीले दशैं अगाडि नै विभिन्न स्थानमा सडकको मर्मत गर्नुपर्ने माग राखेको बताए । राष्ट्रिय राजमार्गसहित स्थानीय सडकमा वर्षाका समयमा परेको बाढीपहिरोका कारण खाल्डाखुल्डी रहेको उनको भनाइ छ- 'सम्भावित दुर्घटना रोक्न सडक मर्मत चाँडो गर्नुपर्ने आवाज हामीले उठाइरहेका छौं ।'

अघिल्ला वर्षमा दशैंलाई लक्षित गरेर नयाँ बस भित्र्याउने गरिएकामा यस वर्ष नयाँ खरीद नगरिएकाले भएकैलाई व्यवस्थित गरेर सञ्चालन गर्नुपर्ने अवस्था रहेको महासचिव सिटौलाले बताए । दशैंका समयमा कति गाडी आवश्यक छ र महासंघले कति काठमाडौं भिकाउन सक्छ भन्ने टुंगो लागिसकेको छैन । 'हामीले त्यसबारे देशभर रहेका व्यवसायीसँग बुझिरहेका छौं' उनले भने ।

# लोकतान्त्रिक उपलब्धि गुम्न सक्ने खतरा देखियो : देउवा

**काठमाडौं ।** नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले लोकतन्त्रको उपलब्धि गुम्न सक्ने खतरा बढ्दै गएको टिप्पणी गरेका छन् ।



सुनसरी सदरमुकाम इनरुवाबाट दोस्रो चरणको तराई-मधेश काङ्ग्रेस राष्ट्रिय जागरण अभियान थाल्दै गर्दा देउवाले हिमाल, पहाड, अगाडि सभापति देउवाले सो कुरा भनेका हुन् ।

अभियानको शुरुआत गर्दै सभापति शेरबहादुर देउवाले सरकार क्रियाकलापको चर्को विरोध गरेका थिए । उनले अभियानमा सक्रिय भएर जुट्न आफ्ना कार्यकर्तालाई निर्देशन समेत दिए । लोकतन्त्रमाथि चुनौती देखिएको भन्दै उनले लोकतन्त्रको संरक्षणका लागि आन्दोलन गर्नुपर्ने अवस्था सृजना भएको जिकिर गरे ।

उनले आउँदो उपनिर्वाचनमा काङ्ग्रेसलाई जिताउनका पनि सबै एकजुट भएर लाग्नु पर्नेमा जोड दिए । विपी कोइरालाको १०६औं जन्मजयन्ती अवसरमा शुरु गरेको जागरण अभियानलाई आगामी असोज ७ गते समापन हुनेछ ।


रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित

**रामेछाप पोष्ट**

खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार

**जनप्रवाह साप्ताहिक**

खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- हिंस्रक वा अन्य पशुपंक्षी राख्दा पूर्वसावधानी नअपनाई लापरबाही गर्नेलाई एक वर्षसम्म कैद वा दस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- चौपायालाई यातना दिएमा वा आफूले पालेका पशुपंक्षी रोगी वा वृद्ध भएका कारण सार्वजनिक रूपमा छाडेमा तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रशारण विभाग

## झन्...

भाषामा प्रचण्डसँग प्रश्न गर्दै नेता भुसालले भने- 'जस्तो देश छ, अधिरचना (सुपरस्ट्रक्चर) त्यस्तै हुन्छ; देश कस्तो छ ? दलाल पुँजीवादी छ; त्यसो भए राजनीति कस्तो छ ? दलाल पुँजीवादी छ कि छैन ? दलाल पुँजीवादी नै छ ।'

'दलाल पुँजीवाद निरन्तर चलिरहने प्रक्रियालाई केले वैधानिकता दिन्छ ? चुनावले दिन्छ; प्रजातन्त्र-लोकतन्त्रका नाममा दलाल पुँजीवादले निरन्तर आफूलाई पुनर्उत्पादन गरिरहने ! किनभने यहाँ यस्तो पद्धति कायम छ, जहाँ पैसा नहुनेले चुनाव लड्न मिल्दैन; यसर्थ, चुनाव लड्नका लागि पैसा चाहिन्छ, पैसा हुनेहरूले नै चुनाव लड्छन्,' समकालीन राजनीतिक प्रणालीको विकृत पक्षमा प्रकाश पार्दै नेता भुसालले अझ अगाडि खुलाए- 'चुनाव किन लड्छन् भन्दा पद लिनका लागि; किन पद लिन्छन् त भन्दा पद भयो भने अझ धेरै पैसा कमाइन्छस झन् बढी पैसा किन कमाइन्छ भन्दा हिजोको भन्दा झन् ठूलो पदमा जानका लागि । अझै ठूलो पद किन चाहियो भन्दा हिजोभन्दा झन् बढी पैसा कमाउनका लागि ।'

सोही कार्यक्रममा भुसालभन्दा लगत्तै पछि बोलेका प्रचण्डले भुसालका प्रश्नहरूको जवाफ दिँदा हलमा एक प्रकारको 'दोहोरी' कै वातावरण देखियो । 'घनश्यामजीले मलाई ठाडठाडै प्रश्न गर्नुभयो, के हुन्छ कमरेड भनेर; समाजवादको रुसी मोडल हामीले देख्यौं, त्यसको सकार, त्यसको नकार, त्यसका सबल पक्ष, त्यसका दुर्बल पक्ष हामीले देख्यौं,' प्रचण्डले भने- 'पूर्वी युरोप र अरु सबै समाजवादी मोडल पनि हामीले देख्यौं, पछिल्लो पटक प्रयोग गर्न कोशिस भएका मोडलहरू पनि हामीले देख्यौं, हेरिरहेका छौं र हामीले पनि एउटा नयाँ मोडलको विकास गर्ने जमर्को गरेका छौं ।'

'समाजवादी मोडल कस्तो हुने नेपालमा? विश्वभरिका अनुभवहरूको संश्लेषण कसरी गर्ने भन्ने ग्रेट डिबेटमा हामी छौं,' नेता भुसालको प्रश्नतिर लक्षित गर्दै अध्यक्ष प्रचण्डले भने- 'मैले हिजो जानेमानेको चिनियाँ मोडल, रुसी मोडल, भियतनामको मोडल, कोरियाको मोडल, क्युबाको मोडल- कुनै मोडलको यान्त्रिक रूपले भन्न सक्छु तर एक्काईसौं शताब्दीको, हिजोका क्रान्ति र प्रतिक्रान्तिका तमाम अनुभवको संश्लेषणसहित अबको मोडल यो छ भन्नका लागि एउटा ठूलो बहस र संघर्षको बीचबाट गुज्रिनु जरुरी छ; त्यसका निम्ति एउटा नयाँ प्रयोगको बीचबाट गुज्रिनु जरुरी छ र हामी त्यही प्रयोगमा छौं ।'

'कमरेड घनश्याम ! म के भन्न चाहन्छु भने मेरो इच्छा छ- म जीवित रहुञ्जेल नेपालबाट संसारका लागि समाजवादको अबको मोडल यो हो भनेर दिन सक्ने ठाउँमा हामी छौं,' ठोस जवाफ दिँदै प्रचण्डले भने- 'हामीले हिम्मत हार्नु हुँदैन, पहल गरिराख्नुपर्ने हुन्छ, हामीले आफ्नो प्रयास छाड्नु हुँदैन, 'रातारात चमत्कारको खोजी मानिसहरूले गरेका छन्, चमत्कार चाहिँ हुँदैन, 'हामी सबै नेतादेखि कार्यकर्ता एउटा ऐतिहासिक अग्निपरीक्षामा छौं, हामी एउटा ऐतिहासिक चुनौतीको सामना गर्ने प्रक्रियामा छौं, हामी समाजवादी बाटोतिर नै अगाडि बढ्छौं, समाजवादको नयाँ मोडल खोजेर अगाडि बढ्छौं या पुँजीवादका अगाडि आत्मसमर्पण गर्छौं ? हाम्रा अगाडि यक्षप्रश्न यही नै छ । हामी दलाल पुँजी र नोकरशाही पुँजीका अगाडि आत्मसमर्पण गर्छौं या समाजवादी बाटोमा जान्छौं ? यो लडाइँ जारी छ । 'म चाहिँ समाजवादी कित्तामै रहेर मर्नेछु, समाजवादकै लागि लडाइँ लडेर मर्नेछु, म आफ्नो बारेमा पूरै विश्वासका साथ भन्न सक्दछु र म साथीहरूलाई पनि समाजवादी कित्तामा उभिनका निम्ति अपिल गर्न चाहन्छु । 'हामीले ल्याएका छौं क्रान्तिलाई यहाँसम्म, हामी यहीं रोकिन चाहँदैनौं, योभन्दा अगाडि जान चाहन्छौं, नेपालबाट समाजवादको एउटा नयाँ मोडल दिन चाहन्छौं, हामी दिन सक्छौं । 'मैले भनेको छु- समाजवादको झन्डा झुक्न दिइने छैन, पुँजीवादका अगाडि घुँडा टेकिने छैन, 'आउने दशक वास्तवमा समाजवाद निर्माणको दशकमा रूपमा नेपालबाट, सगरमाथाबाट समाजवादको नयाँ झन्डा फहराउने इच्छा छ ।

## बन्दुक...

विप्लवजी मूलधारको राजनीतिमै फर्कनोस्, म आग्रह गर्न चाहन्छु,' भनेका हुन् ।

नेता शर्माले नेपाली जनताको लामो संघर्ष र बलिदानबाट ल्याइएको संविधानलाई कार्यान्वयनको दिशामा अघि लैजानुपर्ने बताउँदै संविधान कार्यान्वयनतर्फ नेकपा पूर्ण प्रतिबद्धताका साथ अगाडि बढिरहेको पनि सुनाए ।

आलोपालो प्रधानमन्त्रीबारे विगतमा भएको सहमतिप्रति संकेत गर्दै उनले भने- 'पार्टी एकता गर्ने सहमति मुख्य कुरा हो, अन्य सहमति तपसिल हुन्, पार्टीले अहिलेको आवश्यकता अनुसार नयाँ ढंगबाट पनि निर्णय गर्न सक्छ ।' शर्माले अगाडि भने- 'पार्टी एकताका सबै काम पूरा भएकाले अब सरकार र पार्टी जनताको चाहना र आवश्यकताको परिपूर्तितर्फ केन्द्रित भएर अगाडि बढ्छ ।'

देशलाई ठूलो लगानी आवश्यक रहेको भन्दै मुलुकमा विदेशी लगानी भित्र्याउनेतर्फ सरकार गम्भीर भएर लागेको नेता शर्माले बताए । संगठनका कार्यदल सदस्य जेएन सागरको अध्यक्षतामा गत शुक्रबार बिहान उक्त कार्यक्रम सम्पन्न भएको हो ।

## सचिवालय...

फराकिलो र मजबुत बनाउन चाहेको जानकारी प्रधानमन्त्रीले हामीलाई गराउनुभएको छ र ।

चिनियाँ विदेशमन्त्रीको दुईदिने नेपाल भ्रमणका क्रममा ठूला केही सम्झौता भएनन् । विदेशमन्त्रीस्तरको भ्रमणमा झिनामसिना विषयमा मात्र समझदारी भएको भन्दै आलोचना भइरहेको छर । नेकपा सचिवालयका ती नेताले भने राष्ट्रपति तहको भ्रमणकै तयारीका लागि भएकाले विदेशमन्त्रीको भ्रमणमा ठूला विषयमा सहमति नभएको बताए र ।

'ठूला विषय अहिले नपर्नुको अर्थ नै राष्ट्रपतिको भ्रमणमा ती विषय टुंग्याउने भन्ने हो,' उनले भने- 'त्यही खालको संकेत प्रधानमन्त्रीबाट हामीले पाएका छौं ।' चीनसँग बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) लगायतसँग जोडिएका ठूला केही विषयमा द्विपक्षीय सहमति हुने विदेशमन्त्री वाङको भ्रमणअघि चर्चा भएको थियो तर ती विषय भ्रमणका क्रममा उठेनन् र ।

सिंगापुरमा १५ दिन उपचार गराएर फर्केपछि पहिलो पटक बसेको बैठकको सुरुमै प्रधानमन्त्री ओलीले चिनियाँ विदेशमन्त्रीको भ्रमणबारे ब्रिफिङ गरेका थिएर । त्यसपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग मंगलबार भएको कुराकानी र पेट्रोलियम पाइपलाइन सुरु भएको विषयमा उनी प्रवेश गरेका थिए र । नेपालको बढ्दो व्यापार घाटालाई पेट्रोलियम पाइपलाइनले केही राहत दिने प्रधानमन्त्रीले बैठकमा उल्लेख गरे र ।

भारतीय समकक्षी मोदीलाई समेत आफूले नेपाल भ्रमणको निम्तो दिएको जानकारी प्रधानमन्त्री ओलीले बैठकमा गराए र । पाइपलाइन उदघाटनका बेला भएको कुराकानीअनुसार भारत नेपालसँगको सम्बन्ध अझै मजबुत बनाउन इच्छुक रहेको ओलीको भनाइ छ ।

## मुलुकभर...

तीन सय एघार जनामा उक्त रोगका सङ्क्रमण देखा परेको अस्पतालले जनाएको छ । पछिल्लो समय काठमाडौंलगायत देशभर सो रोग प्रकोपका रूपमा नै देखा पर्न थालेको छ । अस्पतालमा बिरामी भर्ना गर्ने शय्या अभाव समेत रहेको छ ।

यस्तै सप्तरी जिल्लाको सप्तकोशी नगरपालिका-११ का ३१ वर्षीय रामनारायण मण्डलको डेङ्गुको सङ्क्रमणबाट मृत्यु भएको प्रदेश नं २ स्वास्थ्य निर्देशनालयले जनाएको हो । प्रदेशका महोत्तरीसहितका आठ जिल्लामा आज बिहीबार बिहानसम्म ७३ जनामा डेङ्गु सङ्क्रमण भेटिएको निर्देशनालयका वरिष्ठ स्वास्थ्य प्रशासक विजयकुमार झाले जानकारी दिए ।

प्रदेशमा सबैभन्दा बढी बारा र पर्सामा गरी ३९ मा डेङ्गु सङ्क्रण भेटिएको निर्देशनालयले जनाएको छ । त्यसैगरी सिरहामा १५, रौतहट र सप्तरीमा सात/सात, महोत्तरीमा तीन र धनुषामा एक जनामा डेङ्गु सङ्क्रमण फेला परेको वरिष्ठ स्वास्थ्य प्रशासक झाले बताए ।

हिजो बुधबार बिहानसम्म १६ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो भने दिउँसो सो संख्या २५ र अबेर रातिसम्म ७३ पुगेको हो । प्रदेशका सबै जिल्लामा डेङ्गुविरुद्ध सचेतना र विशेष सरसफाइ कार्यक्रम चलाइएका छन् । सङ्क्रमित सबैको पायक पर्ने अस्पतालमा उपचार भइरहेको निर्देशनालयका वरिष्ठ स्वास्थ्य प्रशासक विजयकुमार झाले जनाए ।

महोत्तरीको सुदूरउत्तरी क्षेत्रमा बर्दिवास र सीमा जोडिएको औरही नगरपालिकामा डेङ्गुको सङ्क्रमण तीन जनामा भेटिएका छन् । डेङ्गु सार्ने लामखुट्टेले घरप्रयोजनका गिलास, बटुकाजस्ता साना भाँडामा राखिएका पानीमा पनि फूल पार्ने र वरपरका झाडीमा फैलनसक्ने भएकाले घरप्रयोजनको पानी राम्ररी छोप्न र वरपर सफा राख्न बर्दिवास अस्पतालका चिकित्सकले अपिल गरेका छन् ।

घर वरपर पानी जम्न नदिन र झारपात सफा राख्न सबैको तत्परता आवश्यक भएको अस्पतालले जनाएको छ । टायर, ट्युबका भित्री कापमा यो लामखुट्टेले फूल पार्ने र लार्भा हुर्कने भएकाले यत्रतत्र फालिएका टायर, ट्युब निश्चित ठाउँमा नष्ट गर्नुपर्ने बर्दिवास अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा विधानचन्द्र झाले बताए ।

राति र दिउँसो पनि झुलभित्र सुत्ने, घर वरपर सफा राख्ने पानी जम्न नदिने, पानी राख्ने भाँडाजस्तै पानी ट्याङ्की, ग्राग्री, बाल्टिन, ड्रम आदि सधैं छोपेर राख्ने सुझाव चिकित्सकको छ

डेङ्गु रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको सरुवा रोग हो । पोथी जातको सो लामखुट्टेको टोकाइको भाइरसबाट सङ्क्रमित भई रोग सर्दछ ।

विशेषगरी दिउँसो मात्र टोक्ने त्यो जातको लामखुट्टे वर्षात समय शुरु भएपछि यो रोग बढी देखा पर्ने चिकित्सकले बताए । ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, शरीरमा डाबर आउने, अरुचि हुने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्ने, पेट तथा आन्द्रामा गडबडी हुने डेङ्गुको लक्षण भएका सरुवा रोग विशेषज्ञ चिकित्सक बाँस्तोलाले जनाए ।

## प्रधानमन्त्री...

पौडेल र नेता वामदेव गौतम पनि गत शुक्रबार स्वदेश फर्किएका हुन् । प्रधानमन्त्रीसँगै उनकी पत्नी राधिका शाक्य, प्रमुख राजनीतिक सल्लाहकार विष्णुप्रसाद रिमाल, निजी चिकित्सक डा. दिव्यासिंह शाह, स्वकीय सचिव राजेश बज्राचार्यलगायत पनि सिंगापुर गएका थिए ।

ओलीसहितको टोली काठमाडौं अवतरण गरेपछि उनीसँगै फर्किएका नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का महासचिव विष्णुप्रसाद पौडेलले प्रधानमन्त्रीको स्वास्थ्य अवस्था राम्रो रहेको प्रतिक्रिया दिए । उनले भने- 'प्रधानमन्त्रीज्यू दुरुस्त हुनुहुन्छ । पूरै ठीक भएर आउनुभएको छ । अब तत्काल फलोअपमा पनि जानु नपर्ने चिकित्सकले बताएका छन् ।'

मध्याह्न १२ बजे थाइ एयरमार्फत काठमाडौं अवतरण गरेका प्रधानमन्त्री ओली स्वागतमा विमानस्थल उपस्थित भएका सबैलाई अभिवादन गरेर सोझै बालुवाटार लागे ।

## हास्यसिर्जना...

बुँदामा लेखिएको छ- 'प्रस्तावित व्यापार चिह्न मेरो आफ्नै मौलिक चयन हो, पूर्ण वा आंशिक रूपमा पनि अरु कसैको नक्कल गरेको होइन । साविकमा कसैले आवदेन गरेको वा प्रचलनमा ल्याई ख्याति आर्जन गरिसकेको देखिएमा वा पेरिस कन्भेन्सनअनुसार संरक्षण गरिदिनु पर्ने चिह्न भएमा यो ट्रेडमार्क जुनसुकै बखत खारेज गरिदिएमा मेरो मञ्जुरी छ । उल्लेखित सम्पूर्ण व्होरा ठीक साँचो हो, झुठा ठहरिएमा कानुन बमोजिम सहूँला-बुझाउँला ।'

हो, यही बुँदा पढिसकेपछि आफूले न्याय पाउने विश्वासका साथ कुमार कट्टेल अहिले कानुनी उपचारमा लागेका छन् । आशा गरौं- उनले न्याय पाउनेछन् ।

नत्र यहाँ मान्छेले जिन्दगीभर मेहनत गरेर बनाएको सिर्जना पैसा हुनेहरूले सेकन्डभरमा लिएर जाने क्रम संस्थागत हुनेछ । र, एक दिन 'कोकाकोला' कम्पनीले कुमार कट्टेल 'जिग्री' लाई नै उल्टै पत्र काटेर भन्नेछ- 'यो हाम्रो ब्रान्डको नाम हो, तैंले किन प्रयोग गरिस् ?' यदि त्यस्तो भयो भने लाखौं 'जिग्री' हरू आफ्नो कर्म छाडेर विदेशिन बाध्य हुनेछन् किनकि यहाँ 'कमेडियन' हरूको सिर्जनाको 'कपिराइट' का पक्षमा बोल्ने कोही छैनन् ।

आचार्य 'भद्रगोल' श्रृंखलाका श्रृंखला-निर्देशक एवं चर्चित पात्र 'काकु' को भूमिका निभाउने कलाकार हुन् । *(न्युजकोसेली डटकमबाट)*

# सुरक्षाका लागि राष्ट्रिय परिचयपत्र चाहिन्छ : अध्यक्ष दाहाल

**चितवन ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन, विकास र सुरक्षा सबै दृष्टिकोणले राष्ट्रिय परिचयपत्रको दीर्घकालीन रणनैतिक महत्व रहेको बताएका छन् ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग फिल्ड कार्यालय चितवनको जिल्ला प्रशासन कार्यालय परिसरमा उद्घाटन गर्दै अध्यक्ष दाहालले राष्ट्रिय परिचयपत्र आमनेपालीका लागि महत्वपूर्ण रहेको बताए ।

अध्यक्ष दाहालले राष्ट्रिय परिचयपत्र नहुँदा नागरिकले समस्या झेल्नु परेको भन्दै परिचयपत्र निर्माण गर्ने र वितरण गर्ने विषयमा दलहरू तथा सरकारका बीचमा पनि छलफल हुँदै आएको उल्लेख गरे । आवश्यक प्रक्रिया पूरा गरी राष्ट्रिय परिचयपत्र वितरणको काम शुरु उल्लेख गर्दै अध्यक्ष दाहालले ऐनका सम्बन्धमा प्रतिनिधिसभाले पास गरेर राष्ट्रियसभामा पुगेकाले त्यहाँबाट पनि पारित हुने विश्वास दिलाए ।

कार्यालयको उद्घाटनपछि पूर्वप्रधानमन्त्री दाहालले समेत परिचयपत्रका लागि तस्वीर खिचाउने, बायोमेट्रिक गर्ने, आफ्नो विवरण कम्प्युटरमा दर्ता गराएका थिए ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक दीपक काफ्लेले परिचयपत्रमा दिइने 'दश अंक' नै व्यक्तिको परिचय हुने उल्लेख गरे । पाँचथरबाट शुरु भएको परिचयपत्र वितरणको कार्य दोस्रो चरणमा चितवनसहित १५ जिल्लामा लागू भएको हो ।

# नवगठित प्रचार विभागमा श्रेष्ठ र थापालाई जिम्मेवारी दिइयो

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केन्द्रीय प्रचार तथा प्रकाशन विभागको जिम्मेवारी प्रमुख नारायणकाजी श्रेष्ठ र उपप्रमुख सूर्य थापालाई दिइएको छ ।



तत्कालीन नेकपा (माओवादी केन्द्र) को केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रमबीच तत्कालीन नेकपा (एमाले) का प्रचार प्रमुख योगेश भट्टराई र नेकपा (माओवादी केन्द्र) का प्रचार प्रमुख पम्फा भुसालले प्रमुख र उपप्रमुखलाई जिम्मेवारी हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले यतिबेला स्वतन्त्रता र अनुशासन तथा लोकतन्त्रबीच सन्तुलित सम्बन्ध र व्यवहार गर्न आवश्यक रहेको उल्लेख गरे ।

अध्यक्ष दाहालले योजनाबद्ध प्रचार कार्य व्यवस्थित गर्नुपर्ने आवश्यक रहेको भन्दै नयाँ जिम्मेवारी सफलतासाथ बहन गर्न शुभकामना दिएका थिए ।

तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रको एकतापछि स्कुलिङ विभागको प्रमुखको जिम्मेवारी समेत हस्तान्तरण भइसकेको छ ।

सोही अवसरमा एमाले प्रचार विभाग प्रमुख भट्टराई र माओवादी केन्द्रका प्रचार प्रमुख भुसालले आफूहरूले प्रचार विभागमा रहँदा गरेका कामका बारेमा आ-आफ्ना अनुभवबारे जानकारी गराउँदै नवगठित प्रचार विभागले पार्टीका गतिविधिलाई तीव्र बनाउनुपर्ने सुझाव दिए ।

यस्तै निवर्तमान प्रचार विभाग प्रमुख श्रेष्ठले विभागले पार्टीको योजनाबद्ध र सुव्यवस्थितरूपमा काम गर्ने बताए । उपप्रमुख थापाले पार्टी नियमावली २०७५ ले विभागलाई प्रदान गरेको कार्य क्षेत्रको चर्चा गर्दै चाँडै नै विभागलाई पूर्णता दिइने जनाए ।

कार्यक्रममा नेकपाका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, स्थायी कमिटी सदस्यहरू युवराज ज्ञवाली, प्रदीप नेपाल, अग्नि सापकोटा, रघुजी पन्त, प्रेस सङ्गठन नेपालका इन्चार्ज राजेन्द्र गौतम, सहइन्चार्ज तथा संयोजक महेश्वर दाहाल र ओम शर्मा तथा सहसंयोजक गणेश बस्नेतलगायतले शुभकामनासहित आ-आफ्ना सुझाव दिएका थिए ।

नेकपाको नवगठित विभाग ३५ सदस्यीय रहने पनि सोही बखतमा जानकारी दिइएको थियो ।

कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक : केदारनाथ गौतम कार्यकारी सम्पादक : सानु राय (गौतम) अतिथि सम्पादक : शिव बस्नेत

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४९६००२०९ इमेल : janajibro@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं